# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, कानून, छैटौं, अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०९।२४

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. के-कस्ता प्रयोजनका लागि विकास समिति गठन आदेश जारी गर्न सकिन्छ? गठन आदेश खारेज भएपछि त्यस्तो गठन आदेशद्वारा स्थापित विकास समिति र सम्पत्तिको व्यवस्थापन प्रक्रिया समेत लेख्नुहोस् । २+३=५

२. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको उद्देश्यहरू के-के हुन्? लेख्नुहोस् । ५

३. नेपालको संविधानमा सामाजिक न्यायको हकलाई कसरी प्रत्याभूत गरिएको छ? उल्लेख गर्दै त्यसको कार्यान्वयनको अवस्थासमेत चर्चा गर्नुहोस् । ६+४=१०

४. हकदैया भनेको के हो? उल्लेख गर्दै सार्वजनिक सरोकारको विवादमा हकदैयाको प्रयोग कसरी गरिन्छ? सर्वोच्च अदालतले गरेको व्याख्या समेतका आधारमा स्पष्ट पार्नुहोस् । ३+७=१०

५. विवाद समाधानका मुख्य-मुख्य वैकल्पिक उपायहरू के-के रहेका छन्? उल्लेख गर्दै विवाद समाधानका वैकल्पिक उपायहरूको महत्व बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । ५+५=१०

६. करारनामा तयार गर्दा के-कस्ता विषयमा ध्यान पुऱ्याउनु पर्छ? उल्लेख गर्दै रामबहादुरले श्यामबहादुरलाई घर बहालमा दिएको करारनामाको नमूना मस्यौदा तयार गर्नुहोस् । ५+५=१०

### खण्ड "ख" — ५० अङ्क

७. सर्वोच्च अदालत ऐन, २०४८ ले सर्वोच्च अदालतको अधिकार क्षेत्रको प्रयोगको सम्बन्धमा गरेको व्यवस्था लेख्नुहोस् । ५

८. जग्गाको मुआब्जा निर्धारण गर्दा मुआब्जा निर्धारण समितिले विचार गर्नुपर्ने विषयहरू के-के हुन्? स्पष्ट पार्नुहोस् । ५

९. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ मा भएका प्रमुख व्यवस्थाहरूको चर्चा गर्दै नागरिक उड्डयनको क्षेत्र थप सुरक्षित बनाउन उक्त नियमावलीमा के-कस्ता सुधार गर्नुपर्ने देख्नुहुन्छ? सुझाव दिनुहोस् । ४+६=१०

१०. प्रमाण ऐन, २०३१ बमोजिम कस्तो व्यक्ति साक्षी बन्न सक्दछ? उल्लेख गर्दै साक्षी बकाउँदा के-कस्ता विषयमा ध्यान दिनुपर्दछ? लेख्नुहोस् । ३+७=१०

११. भ्रष्टाचार निवारण ऐन, २०५९ ले कुन-कुन निकाय वा संस्थाहरूलाई सार्वजनिक संस्था मानेको छ? कुनै सार्वजनिक संस्थामा भ्रष्टाचार भएको अवस्थामा कसलाई जिम्मेवार मानी के-कस्ता सजाय हुनसक्छ? उल्लेख गर्नुहोस् । ३+७=१०

१२. मध्यस्थको निर्णय अन्तिम मानिने कारणहरू उल्लेख गर्दै सो निर्णय बदर गरी पाउन उच्च अदालतमा निवेदन गर्न सकिने आधारहरूको चर्चा गर्नुहोस् । ३+७=१०

:: समाप्त ::